(आ.व. २०८१/०८२) वैठक नं.

आज मिति २०८२ साल जेष्ठ १६ गते शुक्रवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल बिक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

*मिति २०८२/०२/१६*

**मिति २०८२/०२/१६ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. आर्थिक सहयोग सम्वन्धमा ।
३. आ.व. २०८२।०८३ को मार्गदर्शन सम्वन्धमा ।
४. वडा समितिको बजेट सीमा निर्धारण सम्वन्धमा ।
५. स्वास्थ्यकर्मीहरुको सार्वजनिक विदा र नाइटमा काम गरेको भुक्तानी सम्बन्धमा ।
६. वडा नं. ८ इन्द्रपुरको सडकमा माटो हुर्ने कार्य सम्वन्धमा ।
७. आय ठेक्का मूल्यांकन सम्वन्धमा ।
८. राजश्वका क्षेत्र र कर निर्धारण तथा र आय प्रक्षेपण गर्ने सम्वन्धमा ।
९. पिडारी आयुर्वेद औषधालयको जग्गा रजिष्ट्रेशनको खर्च सम्वन्धमा ।
१० वडा नं ८ को कृषि सडक र कुलो मर्मत सम्भार सम्वन्धमा ।
११ वडा नं २ को सडक मर्मत सम्भार सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | जय चौधरी (सुनिता देवी चौधरी) | ७ | हरिपुर | औषधी उपचार | २०८२।०१।२४ | मिति २०८२।१।२४ च.नं. १२३५ | ६०००।०० |
| २ | रंजिता कुमारी चौधरी (उगेश कुमार धामी) | ७ | हरिपुर | औषधी उपचार | २०८२।०२।५ | मिति २०८२।२।६ च.नं. १३०४ | ६०००।०० |
| ३ | विजली देवी कुमर (रतन कुमर) | २ | हरिपुर | औषधी उपचार | | मिति २०८२।२।५ च.नं. १७५० | ६०००।०० |

मिति २०८२।०२।१६

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | राज नारायण चौधरी (रजनी देवी चौधरी) | ७ | हरिपुर | क्रिया खर्च | २०८२।०२।११ | मिति २०८२।२।१ च.नं. १३३२ | ६०००।०० |
| ५ | उदय राउत | ९ | हरिपुर | औषधी उपचार | २०८२।०२।०९ | मिति २०८२।०२।९ च.नं. ११२२ | ६०००।०० |
| ६ | मरनी देवी (बिमलेश दास) | ६ | हरिपुर | औषधी उपचार | | मिति २०८२।०२।१४ च.नं. १२७७ | १००००।०० |
| ७ | रामचन्द्र दास तत्मा (बिमलेश दास) | ६ | हरिपुर | औषधी उपचार | | मिति २०८२।०२।१४ च.नं. १२७७ | १००००।०० |
| ८ | ध्रीब बहादुर आले (मिठु आले) | २ | हरिपुर | औषधी उपचार | २०८२।१।२५ | मिति २०८२।०१।२६ च.नं. १६७२ | १००००।०० |
| ९ | प्रमोद चौधरी (मिथला देवी) | ६ | हरिपुर | औषधी उपचार | | मिति २०८२।०२।१४ च.नं. १२७८ | ६०००।०० |

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।०२।१४ गते भएको बैठकको आ.व. २०८२।०८२ को शाखा/वडागत बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन मार्गदर्शनको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाको अन्तर्गत वडाहरुलाई रकम रु. ७०,००,०००।०० बजेट सीमा निर्धारण गर्न मिति २०८२।०२।१४ गते श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै योजना तथा कार्यक्रमहरु छनौट गरी नियमानुसार मिति २०८२ जेष्ठ ३० गते भित्र अनिवार्य योजना तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाम संचालित प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर र स्वास्थ्य चौकी लक्ष्मीपुरमा कार्यरत स्वास्थ्यकर्मीहरुको आ.व.२०८०/०८१मा सार्वजनिकविदाको दिन काम गरेवापतको सेवा सुविधा भुक्तानी हुन बाँकी रहेकोले स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८६ को (ज) र (झ) तथा स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५५ को उपनियम (१) मा स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्ट, प्रा.स्वा.के., स्वास्थ्य चौकीको बर्थीङ्ग सेन्टरमा सार्वजनिक बिदाको दिनमा काम गर्नु पर्ने कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले सार्वजनिक बिदाको दिन काम गरे वापत सट्टा बिदा पाउने छन र त्यस्तो बिदा अर्को तिन महिना भित्रमा पालो मिलाइ बस्नु पर्ने छ र सोही नियमको उप नियम (२) को (१) बमोजिम पालो मिलाइ सट्टा बिदा लिन नसकेको जति अवधिको तलव बराबरको भुक्तानी दिइने छ । तथा स्वास्थ्य सेवा नियमावलीको २०५५ को नियम ५६ को उपनियम १ मा स्वास्थ्य संस्थाहरुमा हप्तामा ४० घण्टा भन्दा बढि काम गर्नु पर्ने कर्मचारीहरुले बढि समय काम गरे वापत अतिरिक्त सेव विदा पाउँने छन र सोही नियमको उप नियम २ (१) मा पालो मिलाइ अतिरिक्त सेवा बिदा लिन नपाए जति अवधिको तलव बराबरको भुक्तानी दिइने छ, तथा अतिरिक्त सेवा बिदा सम्बन्धमा आ.व. २०६८/०६९ को मन्त्रीपरिषदको निर्णय अनुसार अ.न.मी. कर्मचारीहरुले एक रात डिउटी गरे वापत रु १५० र कार्यालय सहयोगीले एक रात डिउटि गरे वापत खाजा भत्ता स्वरुप रु.७५ पाउने व्यवस्था भएकोले यस हरिपुर नगरपालिकामा संचालित प्राथमिक स्वास्थ्य केन्द्र, हरिपुर र लक्ष्मीपुर स्वास्थ्य चौकीमा कार्यरत देहायका

मिति २०८२।०२।१६

स्वास्थ्यकर्मीहरुलाइ १३औं नगरसभाले अघिल्लो आ.व. को जिम्मेवारी सरेको चालुगत खर्चमा प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर/लक्ष्मीपुर बर्थिङ्ग सेन्टरमा नाइट सट्टा अतिरिक्त र चौबिसै घण्टा तथा इमर्जेन्सी सेवा संचालनको खर्च शिर्षकमा बिनियोजित रकम रु.३५०००००/- बाट रु. १७१२५०२/-अक्षरेपी सत्र लाख बारह हजार पाँच सय दुइ रुपैयाभुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत ८ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. ८०४, मिति २०८२।०१।३० गतेको प्राप्त सिफारिस पत्रानुसार इन्द्रपुर स्कुलको पश्चिम तर्फ सडक विस्तार गर्नको लागि माटो हुर्ने कार्य गर्न प्राविधिक लागत अनुमान बमोजिम रकम रु. २७,१३५।०० यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको मर्मत सम्भार कोषमा रकम रु १०००००० ।०० विनियोजन भएको रकमबाट उक्त सडकमा माटो हुर्ने कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका आ.व. २०८२।०८३ को लागी ठेक्का बन्दोबस्ती गरी आन्तरिक आय वृद्धि गर्नु पर्ने भएकोले यस नगरपालिका क्षेत्र भित्र पर्ने गुदरी बजार, कवाडी संकलन तथा निकाशी र चमेना गृहको आय ठेक्का लगाउन मिति २०८२।०२।१२ गते बसेको राजश्व परामर्श समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो

तपसिल

| क.सं. | बजारको किसिम | चालु आ.व. को ठेक्का अंक | अगामी आ.व. को ठेक्का अंक | कैफियत |
|---|---|---|---|---|
| १ | हरिपुर गुदरी बजार | ५,२५,५००।०० | ५,७८,०००।०० | चालु आ.व. को ठेक्का अंकमा १० प्रतिशत बृद्धि भएको |
| २ | लक्ष्मीपुर गुदरी बजार | १,७५,०००।०० | १,९२,५००।०० | |
| ३ | पिडारी गुदरी बजार | १,२८,५००।०० | १,४१,०००।०० | |
| ४ | मजुर्वा गुदरी बजार | ८९,०००।०० | ९७,९००।०० | |
| ५ | चिताइन गुदरी बजार | ६८,०००।०० | ७४,८००।०० | |
| ६ | जडिबुटी, जिवजन्तु र कवाडी संकलन तथा निकासी | १,६०,०००।०० | १,७६,०००।०० | |
| ७ | चमेना गृह | | ६०,०००।०० | |

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको राजश्व क्षेत्र र कर निर्धारण सम्वन्धमा र आन्तरिक आय प्रक्षेपण सम्वन्धमा मिति २०८१।१०।१४ गतेको राजश्व परामर्श समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ को पिडारी आयुर्वेद औषधालयको नाममा श्री सुर्य नारायण राय ०-०-८ र विन्दा देवी कलवारनीले ०-१-० गरी जम्मा ०-१-८ क्षेत्रफलको जग्गा हरिपुर नगरपालिकाको पिडारी आयुर्वेद औषधालय नाममा दान पत्र प्रदान गरेको हुनाले उक्त जग्गा रजिष्ट्रेशनमा भए गरेको खर्च रकम रु. २५०००।०० यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको चालुगत खर्चको पेज नं. ४७ को सि.नं. १२१ मा विविध खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट पिडारी आयुर्वेद औषधालयको ब.क.नी श्री कपिलेश्वर झालाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को पतौरा टोल देखि पुर्व कृषि सडक र कुलो नक्साँकन भएको सडकलाई यस नगरपालिकाबाट मर्मत सम्भार गराउने निर्णय गरियो ।

मिति २०८२।०२।१६

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ को सडक मर्मत सम्भार गर्न रकम रु २५००००।०० यस नगरपालिकाको १४ औं नगरसभाको पुँजिगत खर्चको मर्मत सम्भार कोषमा रकम रु १००००००।०० विनियोजन भएको रकमबाट उक्त मर्मत सम्भार गर्ने निर्णय गरियो ।